नेपाल सरकार

मितिः २०८३/०६/०७

असोज ९ देखि ११ गतेसम्म सम्भावित अति भारी वर्षा, हिमपात तथा हावाहुरीको जोखिम सम्बन्धमा विभिन्न मन्त्रालयबाट गरिने कार्य तथा सार्वजनिक सूचना

पृष्ठभूमि

जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तथा सम्बन्धित विज्ञहरूले २०८३ साल असोज ९, १० र ११ गते नेपालका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षा, उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात तथा हावाहुरी र चट्याङ पर्ने सम्भावना रहेको पूर्वानुमान गरेका छन्। यसबाट बाढी, पहिरो, डुबान, नदी कटान, हिमपहिरो, सडक अवरोध तथा विद्युत र सञ्चार सेवामा अवरोध हुने जोखिम रहेको छ।

यस अवधिलाई त्रासभन्दा पनि पूर्वतयारीको समयका रूपमा उपयोग गरौं। सबै जना सचेत रहँदै एकजुट भई सम्भावित क्षतिबाट बचौं। सोही प्रयोजनका लागि नेपाल सरकारका देहायका मन्त्रालयहरूबाट देहायबमोजिमका कार्य गरिने तथा सार्वजनिक सूचना जारी गरिएको छ।

१. गृह मन्त्रालय

१. **अति आवश्यक बाहेक कुनै पनि यात्रामा ननिस्कन अनुरोध गरिन्छ।** यात्रा गर्नैपर्ने भएमा आधिकारिक सूचना, मौसमको पूर्वानुमान र सडकको अवस्था हेरी तथा आवश्यकताअनुसार जिल्ला प्रशासन कार्यालय वा नेपाल प्रहरीसँग जानकारी लिई सतर्कतापूर्वक यात्रा गर्नुहुन अनुरोध छ।

२. **मौसम पूर्वानुमानलाई मध्यनजर गर्दै मिति २०८३ असोज ९, १० र ११ गते देशभर लामो दूरीका रात्रिकालीन यात्रु बस सञ्चालन नगर्न/नगराउन सम्बन्धित सबैमा निर्देशन तथा अनुरोध गरिन्छ।**

३. नदी, खोला, पहिरोको जोखिम भएका भिर तथा कमजोर संरचना नजिक बसोबास गर्ने नागरिकले नजिकको सुरक्षित स्थानमा सरी सुरक्षित रहन, **आधिकारिक सूचना मात्र विश्वास गर्न र परिवारसँग नियमित सम्पर्कमा रहन अनुरोध गरिन्छ।**

४. **जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकायमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूलाई यस अवधिमा बिदामा नबस्न तथा आफू सुरक्षित रहँदै सम्भावित जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनका लागि असोज १० गते शनिबार र असोज ११ गते आइतबार समेत जिल्ला प्रशासन कार्यालय खुला राख्न निर्देशन दिइन्छ।**

५. **सबै जिल्लामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक असोज ८ गतेभित्र बसी जोखिमयुक्त बस्ती, सडकखण्ड र अस्थायी आश्रयस्थलको पहिचानसहित आवश्यक पूर्वतयारी गर्न/गराउन निर्देशन दिइन्छ।**

६. विभिन्न समयमा भएका अध्ययन तथा स्थानीय ज्ञानका आधारमा पहिचान भएका जोखिमयुक्त स्थान र बस्तीमा रहेका नागरिकलाई स्थानीय तहको समन्वयमा तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गर्ने।

७. **राजमार्गका प्रत्येक सुरक्षा जाँच चौकी (चेकपोइन्ट) ले अघिल्लो चेकपोइन्टसँग सम्पर्क स्थापना गरी सडकखण्डको सुरक्षाको पूर्ण प्रत्याभूति भएपछि मात्र सवारी छाड्ने "रोक, पर्ख र जाऊ" (Stop, Hold and Go) नीति कार्यान्वयनमा ल्याइएको जानकारी गराइन्छ।**

८. **नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका खोज तथा उद्धार टोली, गोताखोर, डुंगा र उद्धार सामग्री जोखिमयुक्त क्षेत्रमा पूर्वतयारी अवस्थामा राखिनेछ। राष्ट्रिय तथा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र २४ सै घण्टा सञ्चालनमा रहनेछन्।**

९. सबै निजी हेलिकप्टर कम्पनीहरूलाई आवश्यक उद्धार उडान र आकस्मिक परिचालनका लागि तयारी अवस्थामा राखिएको जानकारी गराइन्छ।

१०. सबै जिल्ला प्रशासन कार्यालयमा त्रिपाल, सुख्खा खाद्यान्न, खानेपानी शुद्धीकरण सामग्री, कम्बल लगायतका राहत सामग्रीको मौज्दात यकिन गरी तयारी अवस्थामा राखिनेछ।

११. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तथा जल तथा मौसम विज्ञान विभागका सूचनालाई आधार मानी सचेत रहन आग्रह गरिन्छ। भ्रामक सूचना तथा अफवाह फैलाउनेउपर कानुनबमोजिम कारबाही गरिनेछ।

१२. त्रासमा नपरी धैर्यपूर्वक सुरक्षित रहँदै नेपाल सरकारको पूर्वतयारीमा सहयोग र समन्वय गर्न सम्पूर्ण नागरिकमा हार्दिक अनुरोध गरिन्छ।

१३. कुनै पनि आपत्कालीन अवस्थामा हेलो सरकार ११११ वा ९८५११४५०४५, हेलो गृह १११२, नेपाल प्रहरी १००, नजिकको जिल्ला प्रशासन कार्यालय वा सुरक्षा निकायमा सम्पर्क गर्नुहुन अनुरोध छ।

२. रक्षा मन्त्रालय

१. नेपाली सेनाका विपद् प्रतिकार्य टोली, इन्जिनियरिङ टोली, हेलिकप्टर तथा उद्धार उपकरणलाई तयारी अवस्थामा राखी गृह मन्त्रालयको समन्वयमा आवश्यकताअनुसार परिचालन गर्ने।

२. सडक सम्पर्क टुटेका क्षेत्रमा हवाई उद्धार तथा राहत ढुवानीको योजना तयार राख्ने।

३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

१. **आफू, आफ्नो परिवार वा साथीभाइ यस अवधिमा कुनै पर्यटकीय क्षेत्रको यात्रामा निस्कने योजनामा हुनुहुन्छ भने सो यात्रा यो साताका लागि स्थगित गर्नुहुन अनुरोध गरिन्छ।**

२. **हिमाली क्षेत्रमा ट्रेकिङ अनुमतिपत्र लिइसकेका आन्तरिक तथा विदेशी पर्यटकहरूले कुनै थप शुल्क नलाग्ने गरी आफ्नो ट्रेकिङको मिति सार्न सक्ने व्यवस्था मिलाइएको जानकारी गराइन्छ।**

३. **ट्रेकिङ वा पर्यटकीय यात्रामा रहनुभएका आन्तरिक तथा विदेशी पर्यटकहरूले भोलि (असोज ८ गते) सम्ममा नजिकको सुरक्षित बासस्थानमा पुगी त्यहीं रहन तथा असोज ११ गतेपछि मौसमको पूर्वानुमान र आधिकारिक निकायको सूचनाका आधारमा मात्र यात्रा पुनः सुरु गर्नुहुन अनुरोध गरिन्छ।**

४. **पर्वतारोहण दलहरूलाई असोज ९ देखि ११ गतेसम्म आधार शिविरभन्दा माथि आरोहण नगर्न तथा हिमपहिरोको जोखिम भएका मार्गमा नहिँड्न निर्देशन दिइन्छ।**

५. "अतिथि देवो भव" को मूल मन्त्रलाई आत्मसात् गर्दै यस अवधिमा यात्रामा रहेका आन्तरिक तथा विदेशी पर्यटकहरूलाई आफू सुरक्षित रहँदै सुरक्षित बासस्थान र आवश्यक सहयोग उपलब्ध गराउन सम्पूर्ण होटल व्यवसायी तथा स्थानीय बासिन्दामा अनुरोध गरिन्छ।

६. मौसम प्रतिकूल हुँदा सञ्चारमा अवरोध आउन सक्ने भएकाले आफू यात्रामा रहेको र बसोबास गरेको स्थानको जानकारी आजै परिवार तथा ट्रेकिङ एजेन्सीलाई दिनुहुन अनुरोध गरिन्छ।

७. नेपाल नागरिक उड्डयन प्राधिकरणमार्फत मौसमको अवस्थाअनुसार आन्तरिक उडानको सुरक्षा मापदण्ड कडाइका साथ पालना गराइनेछ र उद्धार उडानलाई प्राथमिकता दिइनेछ।

८. कुनै पनि आपत्कालीन अवस्थामा हेलो सरकार ११११ वा ९८५११४५०४५, हेलो गृह १११२, पर्यटक प्रहरी ११४४, पर्यटन मन्त्रालय, नजिकको जिल्ला प्रशासन कार्यालय वा सुरक्षा निकायमा सम्पर्क गर्नुहुन अनुरोध छ।

४. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

१. **यस अवधिमा सम्पूर्ण स्थानीय तहमा कार्यरत कर्मचारीहरूलाई बिदामा नबस्न तथा सम्पूर्ण प्रमुख प्रशासकीय अधिकृतहरूलाई नियमित सम्पर्कमा रहन निर्देशन दिने।**

२. **सम्पूर्ण स्थानीय तहले स्थानीय विपद् व्यवस्थापन समितिको बैठक तत्काल बसी आवश्यक पूर्वतयारी गर्ने र सोको जानकारी असोज ८ गते कार्यालय समयभित्र यस मन्त्रालयमा पठाउनुपर्ने।**

३. आफ्नो स्थानीय तहभित्रका जोखिमयुक्त स्थान र बस्तीमा रहेका नागरिकलाई तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गर्ने तथा सामुदायिक भवन, विद्यालय आदिलाई अस्थायी आश्रयस्थलका रूपमा तयार राख्ने।

४. वडा कार्यालयमार्फत माइकिङ, स्थानीय एफएम तथा सामाजिक सञ्जालबाट जनचेतनामूलक सूचना प्रवाह गर्ने।

५. शिक्षा तथा खेलकुद मन्त्रालय

१. **आवश्यकताका आधारमा तथा स्थानीय विपद् व्यवस्थापन समिति र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयसमेतका आधारमा सम्पूर्ण विद्यार्थी, बालबालिका तथा शिक्षक-शिक्षिकाहरू सुरक्षित रहने गरी असोज ८ र ९ गते विद्यालय बिदा दिने निर्णय गर्न सकिने र सोहीअनुसार आवश्यक कार्य गर्न देशभरका विद्यालयलाई निर्देशन दिने।**

२. विश्वविद्यालय तथा परीक्षा सञ्चालन गर्ने निकायलाई असोज ९ देखि ११ गतेसम्म तोकिएका परीक्षा आवश्यकताअनुसार स्थगित गर्न अनुरोध गर्ने।

३. सुरक्षित विद्यालय भवनलाई आवश्यकताअनुसार अस्थायी आश्रयस्थलका रूपमा उपयोग गर्न स्थानीय तहलाई सहजीकरण गर्ने।

४. अभिभावकहरूलाई बालबालिकालाई नदी, खोला, पोखरी तथा पहिरोको जोखिम भएका स्थानमा जान नदिन अनुरोध गरिन्छ।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

१. खाद्य व्यवस्था तथा व्यापार कम्पनीका सम्पूर्ण गोदाममा आवश्यक मौज्दात कायम गर्न र आपूर्ति व्यवस्था निरन्तर रहने गरी प्रबन्ध मिलाउन निर्देशन दिने।

२. जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी सबै जिल्लाको खाद्यान्न मौज्दातको अवस्था यकिन गर्ने तथा आवश्यक खाद्यान्न र आकस्मिक आपूर्तिको तयारी गर्ने।

३. नेपाल आयल निगमलाई पेट्रोलियम पदार्थ तथा एलपी ग्यासको पर्याप्त मौज्दात र नियमित वितरण सुनिश्चित गर्न निर्देशन दिने।

४. सम्पूर्ण व्यापारी तथा उद्योगीहरूलाई आवश्यकताअनुसार भण्डारण गर्न, कृत्रिम अभाव सिर्जना तथा कालोबजारी नगर्न र नागरिकको सहयोगलाई प्राथमिकतामा राखी कार्य गर्न अपिल गर्ने। बजार अनुगमन तीव्र बनाई कालोबजारी गर्नेउपर कारबाही गर्ने।

७. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

१. सम्पूर्ण राष्ट्रसेवी स्वास्थ्यकर्मीहरूलाई आवश्यक प्रतिकार्यका लागि तयार रहन अपिल गर्ने।

२. सङ्घीय अस्पताल, स्वास्थ्य निर्देशनालय तथा स्वास्थ्य कार्यालयहरूले प्रदेश र स्थानीय तहसँग तत्काल संवाद र समन्वय गरी तयारी अवस्थामा रहने। स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र (HEOC) २४ सै घण्टा सञ्चालनमा रहने।

३. आकस्मिक तथा नियमित स्वास्थ्य सेवा निरन्तर राख्न आवश्यक आकस्मिक योजना (Contingency Plan) असोज ८ गतेसम्म तयार गरी यस मन्त्रालयमा बुझाउन सम्बन्धित निकायलाई पत्राचार गर्ने।

४. जोखिमयुक्त जिल्लामा आवश्यक औषधि, सर्पदंशविरुद्धको औषधि, जीवनजल र द्रुत प्रतिकार्य टोली (RRT) पूर्वतयारी अवस्थामा राख्ने।

५. प्रसूतिको मिति नजिक रहेका गर्भवती महिला र दीर्घरोगीलाई स्वास्थ्य संस्था नजिक रहन तथा आवश्यक औषधि साथमा राख्न अनुरोध गरिन्छ। आकस्मिक अवस्थामा एम्बुलेन्स १०२ मा सम्पर्क गर्न सकिनेछ।

८. सञ्चार तथा संचार मन्त्रालय

१. मौसमको पूर्वानुमान तथा नागरिकले अपनाउनुपर्ने सावधानीका सबै उपायहरू आजदेखि असोज ११ गतेसम्म नेपाल टेलिभिजन, रेडियो नेपाल लगायतका सञ्चारमाध्यमबाट नियमित रूपमा प्रसारण गर्ने तथा सम्पूर्ण स्थानीय प्रसारण माध्यममा समेत सोको प्रसारण सुनिश्चित गर्ने।

२. सञ्चार प्रणालीमा आउन सक्ने अवरोधका लागि ब्याकअप विद्युत, इन्धन र प्राविधिक जनशक्तिसहित पूर्वतयारीमा रहन सबै दूरसञ्चार सेवा प्रदायकलाई नेपाल दूरसञ्चार प्राधिकरणमार्फत निर्देशन दिने।

३. जोखिमयुक्त क्षेत्रका मोबाइल प्रयोगकर्तालाई सतर्कता एसएमएस निःशुल्क पठाउने व्यवस्था मिलाउने।

४. नागरिकलाई मोबाइल फोन तथा पावर बैंक पूर्ण चार्ज गरी राख्न र आधिकारिक माध्यमबाट प्रवाहित सूचना नियमित सुन्न अनुरोध गरिन्छ।

९. पूर्वाधार विकास मन्त्रालय

१. सम्भावित बाढी, पहिरो तथा नदी कटानका लागि भारी उपकरण (Heavy Equipment) को पूर्वव्यवस्था गरी जोखिमयुक्त सडकखण्ड नजिक परिचालन अवस्थामा राख्ने।

२. असोज ८ गते कार्यालय समयभित्र विभिन्न स्थानमा रहेका एक्साभेटर, लोडर, डोजर लगायतका भारी उपकरणको (निजी क्षेत्रसमेतको) स्थानसहितको सूची तयार गरी मन्त्रालयमा पठाउने।

३. सबै सडक डिभिजन कार्यालयलाई २४ सै घण्टा सक्रिय रहन तथा सडकको अवस्था (खुला/अवरुद्ध) सम्बन्धी अद्यावधिक सूचना नियमित सार्वजनिक गर्न निर्देशन दिने।

४. यातायात व्यवस्था विभागमार्फत रात्रिकालीन बस सञ्चालन रोकसम्बन्धी निर्णय पालना गराउने तथा अग्रिम टिकट लिएका यात्रुको भाडा फिर्ता वा मिति परिवर्तनको व्यवस्था मिलाउन लगाउने।

१०. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

१. जल तथा मौसम विज्ञान विभागमार्फत मौसम पूर्वानुमान तथा नदीको बहावसम्बन्धी अद्यावधिक सूचना नियमित सार्वजनिक गर्ने र बाढी पूर्वसूचना प्रणाली तथा एसएमएस सतर्कता सेवा निरन्तर सञ्चालनमा राख्ने।

२. जलाशययुक्त तथा सञ्चालनमा रहेका जलविद्युत आयोजनाले पानी छाड्नुअघि तल्लो तटीय क्षेत्रलाई पर्याप्त समय दिई पूर्वसूचना दिने व्यवस्था मिलाउने।

३. निर्माणाधीन आयोजनाका नदी किनारमा रहेका कामदार तथा शिविरलाई सुरक्षित स्थानमा सार्न निर्देशन दिने। नेपाल विद्युत प्राधिकरणका मर्मत टोलीलाई तयारी अवस्थामा राख्ने।

४. नदी किनारमा माछा मार्ने, बालुवा-गिटी संकलन गर्ने तथा पौडी खेल्ने कार्य नगर्न र ढलेका बिजुलीका पोल वा तार नछुन नागरिकलाई अनुरोध गरिन्छ।

११. अर्थ मन्त्रालय

१. खाद्यान्न, इन्धन, औषधि लगायतका अत्यावश्यक सामग्रीको सहज उपलब्धताका लागि त्यस्ता सामग्रीलाई नेपाल-भारत सीमाका भन्सार नाकामा विशेष प्राथमिकता दिँदै द्रुत प्रक्रिया (**Fast Track**) बाट भित्र्याउने र आवश्यक भण्डारणको व्यवस्था मिलाउने।

२. उद्धार, राहत तथा आकस्मिक पुनर्स्थापनाका लागि गृह मन्त्रालय र सम्बन्धित निकायलाई आवश्यक बजेट तत्काल निकासा गर्ने व्यवस्था मिलाउने।